आज मिति २०७७/०१/२६ गतेका दिन विहान ९:०० बजे धनगढी उप-महानगरपालिका का नगर प्रमुख श्री नृप वहादुर वड ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री नृप वहादुर वड | नगर प्रमुख | |
| २) | श्री सुशीला मिश्र भट्ट | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | कार्यपालिका सदस्य | |
| ४) | श्री नर वहादुर बम | कार्यपालिका सदस्य | |
| ५) | श्री वल वहादुर ऐर | कार्यपालिका सदस्य | |
| ६) | श्री दिपक कुमार थापाक्षेत्री | कार्यपालिका सदस्य | |
| ७) | श्री हिरा सिंह पालती | कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | कार्यपालिका सदस्य | |
| ९) | श्री सिताराम राना | कार्यपालिका सदस्य | |
| १०) | श्री नारायण प्रसाद वराल | कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम भण्डारी | कार्यपालिका सदस्य | |
| १२) | श्री राजेन्द्र राना | कार्यपालिका सदस्य | |
| १३) | श्री गंगा राम राना | कार्यपालिका सदस्य | |
| १४) | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| १५) | श्री विजय राज जोशी | कार्यपालिका सदस्य | |
| १६) | श्री राम वजारी चौधरी | कार्यपालिका सदस्य | |
| १७) | श्री फुल राम चौधरी | कार्यपालिका सदस्य | |
| १८) | श्री लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १९) | श्री माधव राना | कार्यपालिका सदस्य | |
| २०) | श्री मुरारी अधिकारी | कार्यपालिका सदस्य | |
| २१) | श्री तिलु राम चौधरी | कार्यपालिका सदस्य | |
| २२) | श्री सिता राना | कार्यपालिका सदस्य | |
| २३) | श्री वसन्त कुमार ठाकुर | कार्यापालिका सदस्य | |
| २४) | श्री कल्याणी सिंह | कार्यापालिका सदस्य | |
| २५) | श्री गीता पन्त | कार्यपालिका सदस्य | |
| २६) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २७) | श्री प्रेम वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २८) | श्री रिष्मी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २९) | श्री प्रेम सिह विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३०) | श्री नारायण प्रसाद सापकोटा | प्रमुख प्रशासकीय अधिकृत | |
| ३१) | | | |
| ३२) | | | |
| ३३) | | | |
| ३४) | | | |
| ३५) | | | |

निर्णय नं. १

यस धनगढी उप-महानगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानून बमोजिम निषेधित मालसामान बाहेक कवाडी माल सामान वा यस्तै प्रकृतिको बस्तुको व्यवसायिक उपयोग गरे वापतका स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ६१ बमोजिम कवाडी कर लगाउन सकिने प्रावधान बमोजिम देहायका कवाडी सामानमा तपशिल बमोजिमको दरहरु तोकी न्यूनतम दर रु. १,३५,००,०००।- (अक्षरुपी एक करोड पैतिस  लाख) कायम गरी सूचना प्रकाशितका लागि  नगरसभाबाट अनुमोदन गर्ने गरी नगर कार्यपालिका वैठकबाट स्वीकृत गर्ने निर्णय गरियो।

**कवाडी सामानको करका दरहरु**

| क्र.सं. | नाम | इकाई | दर | |
|---|---|---|---|---|
| | | | रुपयाँ | पैसा |
| १. | खाली सिसी (वियर) | प्रति गोटा | १ | |
| २. | खाली सिसी मदिरा र अन्य (५०० एम.एल भन्दा माथी) | प्रति गोटा | | ५० |
| ३. | खाली सिसी मदिरा र अन्य (५०० एम.एल भन्दा तल) | प्रति गोटा | | ३० |
| ४. | प्लाष्टिक (झोला र दुधको थैला बाहेक) | प्रति के.जी | ३ | |
| ५. | **खाली बोरा** | | | |
| क) | १०० के.जी. खाद्यान्न अट्ने जुटका बोरा | प्रति गोटा | १ | |
| ख) | ५० के.जी. खाद्यान्न अट्ने जुटका बोरा | प्रति गोटा | | ५० |
| ग) | ५० के.जी. भन्दा बढी खाद्यान्न अट्ने प्लाष्टिक बोरा | प्रति गोटा | | ५० |
| ६. | **तेलको टिन** | | | |
| क) | ठूलो १० लि. भन्दा बढी अट्ने | प्रति के.जि. | १ | |
| ख) | सानो १० लि. भन्दा कम अट्ने | प्रति के.जि. | | ५० |
| ७. | **हल्का पेय पदार्थ खाली सिसी** | | | |
| क) | ५०० एम.एल भन्दा माथी | प्रति गोटा | | ४० |
| ख) | ५०० एम.एल भन्दा तल | प्रति गोटा | | २० |
| ८. | **पुराना कागज** | | | |
| क) | अखबार | प्रति के.जि. | ३ | |
| ख) | अन्य कागज | प्रति के.जि. | ३ | |
| ९. | **धातुका कवाडी सामानहरु** | | | |
| क) | फलाम | प्रति के.जि. | ४ | |
| ख) | अन्य धातु,पित्तल, तामा आदि | प्रति के.जि. | १५ | |
| १०. | पोलिथिन पाइपका टुक्राहरु | प्रति के.जि | ३ | |
| ११. | परालबाट बनेका पुराना सामान वा पराल | प्रति के.जि. | | ५० |
| १२. | सिसा (लिड) को धुलो र टुक्रा | प्रति के.जि. | २ | |
| १३. | जस्तापाता | प्रति के.जि | १५ | |
| १४. | जस्ताको धुलो | प्रति के.जि. | ५ | |
| १५. | झिण्डु (उनको टुक्रा) | प्रति के.जि. | २ | |
| १६. | पुरानो व्याट्री | प्रति के.जि. | १५ | |
| १७. | गारमेन्टको कपडाको टुक्रा | प्रति के.जि. | २ | |

| | | | | |
|---|---|---|---|---|
| १८. | जलेको मोविल | प्रति लिटर | २ | |
| १९. | जुट र प्लाष्टिकका पुन: प्रयोग हुन नसक्ने बोराहरु | प्रति के.जि. | १ | |
| २०. | कार्पेटका टुक्राहरु | प्रति के.जि. | २ | |
| २१. | टायर ट्युब | प्रति के.जि. | २ | |
| २२. | थोत्रो टिन | प्रति के.जि. | २ | |
| २३. | पुरानो ड्रम | प्रति के.जि. | ४ | |
| २४. | पुरानो टायर, ट्युव (साईकलको) | प्रति गोटा | १ | |
| २५. | कागजको झुरा | प्रति के.जि. | २ | ५० |
| २६. | प्लाष्टिकको जुत्ता, चप्पल र पुरानो प्लाष्टिक टुक्रा | प्रति के.जि. | ३ | |
| २७. | प्लाष्टिकको थैली, झिल्ली, पोलिथिन आदि | प्रति के.जि. | ३ | |
| २८. | गत्ता | प्रति के.जि. | ३ | |
| २९. | पेपर | प्रति के.जि. | ३ | |
| ३०. | टायर | प्रति के.जि. | २ | |
| ३१. | टायरको बुरादा | प्रति के.जि. | १ | |

**निर्णय नं. २**

धनगढी उप-महानगरपालिका क्षेत्र भित्र सार्वजनिक स्थल, चौक, सडक वा कसैको निजी घर पर्खालमा कुनै उत्पादक कम्पनी वा अन्य व्यवसायिहरुले आफ्नो व्यवसायको प्रचार प्रसारका लागी लगाईएका होर्डिङ्ग बोर्ड, साईन बोर्ड, ग्लोब बोर्ड, स्टल, ब्यानर, भित्तेलेखन आदि सामाग्रीहरुबाट ३ (तिन) आ.ब. का लागि न्यूनतम दर रु. २७००१५१।- कायम गरी दोश्रो र तेश्रो आ.व.मा स्वीकृत ठेक्का रकममा २० प्रतिशतका दरले बृद्धि हुने गरी आउँदो ३ (तिन) आ.ब. का लागि विज्ञापन करको सिलबन्दि आह्वानको सूचना प्रकाशितका लागि नगरसभाबाट अनुमोदन गर्ने गरी नगर कार्यपालिका बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

यस धनगढी उप-महानगरपालिका क्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गरी बसेका तर नगरपालिकामा व्यापार व्यवसाय दर्ता नगरेका व्यवसायीहरुले यस क्षेत्रभित्रका सार्वजनिक सडक छेउछाउ (फुटपाथ) र तोकिएको स्थानमा बसी अस्थायी रुपमा खोका, ठेला, घुम्ती अथवा भुईमा फड राखी व्यापारिक परिमाणमा मालसामान वेचविखन गर्ने कार्यमा सार्वजनिक जगाको प्रयोग गरे वापत उक्त व्यापारीहरुबाट तोकिएको दररेटमा राजश्व उठाउन आ.व. ०७६/०७७ का न्यूनतम रु. ८,६०,०००।- (अक्षरुपी आठ लाख साठी हजार) ठेक्का अंक कायम गरी सूचना प्रकाशितका लागि नगरसभाबाट अनुमोदन गर्ने गरी नगर कार्यपालिका बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

यस धनगढी उप-महानगरपालिका क्षेत्र भित्र देश बाहिरबाट भित्रिने व्यापारिक प्रयोजनका तपशिल बमोजिमका बस्तु तथा माछाहरु खरिद बिक्रि गर्दा स्थानिय बजारमा फोहर हुने र सरसफाई गर्ने प्रयोजनका लागि तपशिलका बस्तुहरुमा देहाय बमोजिम शुल्क कायम गरी ठेक्काका लागि रु १५,५०,०००।- (अक्षरुपी पन्ध्र लाख पचास हजार मात्र) न्यूनतम शुल्क कायम गरी सूचना प्रकाशितका लागि नगरसभाबाट अनुमोदन गर्ने गरी नगर कार्यपालिका बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो।

| क्र.स. | विवरण | इकाई | दर | |
|---|---|---|---|---|
| | | | रुपयाँ | पैसा |
| १. | माछा | प्रति के.जि. | २० | |
| २. | तरकारी तथा फलफुल जन्य पदार्थ | प्रति क्वीन्टल | १५ | |

**निर्णय नं. ५**

कोरोना भाइरस (कोभिड-१९) नियन्त्रण, रोकथाम, व्यवस्थापन र उपचारमा संलग्न यस उप-महानगर भित्रका स्वास्थ्य सेवा तर्फका स्वास्थ्य कर्मी र सो सेवामा रही काम गरेका कर्मचारीहरुलाई कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ बमोजिम तपशिल बमोजिमको सेवा/ सुविधा उपलब्ध गराउने निर्णय गरियो।

क) स्वास्थ्य सेवाका स्थायी र करार सेवाका कर्मचारीहरुलाई शुरु तलब स्केलको ५० प्रतिशतले सेवा उपलब्ध गराउने । यसमा नियमानुसार १५ प्रतिशत आयकर कट्टा गरेर मात्र भुक्तानी गरिने छ।

ख) ज्यालादारीका कर्मचारीलाई नेपाल सरकारको मापदण्डले ज्याला उपलब्ध नगराउने तर लकडाउन अवधिभर तोकिएको राहत उपलब्ध गराउने व्यवस्था गरेकोमा यस अघिको नगर कार्यपालिका बैठकले ज्याला उपलब्ध गराउने निर्णय गरिएकोले यस बैठकमा बोलिरहनु आवश्यक परेन।

ग) उल्लिखित सेवा सुविधाको अवधि उल्लिखित आदेश - २०७७ को व्यवस्था बमोजिम हुनेछ।

घ) कामको प्रमाणित सिफारिस संबन्धमा वेली स्वास्थ्य प्रवर्द्धन केन्द्र र संबन्धित वडा अन्तर्गतका स्वास्थ्य संस्थाहरुको हकमा संबन्धित वडा कार्यालयका वडा अध्यक्षबाट काम गरेको प्रमाणित सिफारिसका आधारमा भुक्तानी गर्ने । नगरपालिका कार्यालयका उल्लिखित सेवाका कर्मचारीहरुको हकमा संबन्धित शाखा प्रमुखको सिफारिसका आधारमा कार्यालय प्रमुखले प्रमाणित गरेको आधारमा भुक्तानी गरिने छ।

ङ) सेवा सुविधाको श्रोतको हकमा नगरपालिकाले स्थापना गरेको कोभिड -१९ नियन्त्रण, व्यवस्थापन, रोकथाम तथा उपचार कोष हुनेछ। उक्त कोषबाट भुक्तानी गरिने छ।

च) काम गरे/ नगरेको अनुगमन, नियन्त्रण र निर्देशन कार्यालय प्रमुखबाट हुने छ। वडा कार्यालय र शाखा प्रमुखको सिफारिस गलत र झुट्टा ठहरिएमा प्रचलित कानून अनुसार कारवाही गरिने छ।

छ) भुक्तानीको लागी माग गर्दा संबन्धित कर्मचारीले कार्य सम्पादनको प्रतिवेदन व्यक्तिगत रुपमा कार्यालय प्रमुखलाई बुझाउनु पर्ने छ। कार्य सम्पन्न प्रतिवेदनको आधारमा मात्र सेवा सुविधा भुक्तानी गरिने छ।

**तपशिलका विषयमा निम्न बमोजिम हुने गरि निर्णय गरियो।**

**निर्णय नं. ६**

यस कार्यपालिका बैठकबाट यस पूर्व निर्णय गरि विपद व्यवस्थापन तथा न्यूनिकरण विधेयक-२०७७ (Bill) छलफलत गरि निर्णयको लागि सिफारिस गर्न विधायन समितिमा पठाएकोले विधायन समितिबाट स्वीकृतीको लागी सिफारिस सहित पेश भएको उक्त विधेयकलाई आगामी नगर शभाबाट स्वीकृतीको लागी पेश गर्ने।

**निर्णय नं. ७**

धनगढी उप-महानगरपालिका को प्रशासकीय कार्यविधि (नियमित गर्ने) २०७७ विधेयक (Bill) विधायन समितिबाट छलफल भै स्वीकृतीको लागि सिफारिस प्राप्त भएकोले उक्त विधेयकलाई आगामी नगर शभाबाट छलफल गराई पारित गर्न आगामी नगर-शभामा पेश गर्ने।

**निर्णय नं. ८**

धनगढी उप-महानगरपालिकाको सार्वजनिक खरिद नियमावली - २०७७ छलफल गरी स्वीकृती गर्नु पूर्व उल्लिखित नियमावली-२०७७ का कानूनी व्यवस्थाहरु संबन्धमा प्रत्येक नियमका व्यवस्थाहरु रेशा रेशा केलाई विधायन समितिमा प्रेषित गरिएकोले विधायन समितिले उल्लिखित प्रस्तावित नियमावली २०७७ उपर छलफल गरी स्वीकृतको लागि पेश गरेकोमा उक्त सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था हु-बहु रुपमा स्वीकृत गरी यस धनगढी उप-महानगरपलिकाको राजपत्रमा प्रकाशित

भएको दिन देखी धनगढी उप-महानगरपालिका को नगर- कार्यपालिकाको कार्यालयले कार्यान्वयनमा ल्याउने निर्णय गरियो । साथै उल्लिखित सार्वजनिक खरिद नियमावली-२०७७ कार्यान्वयनका लागी सबै वडा कार्यालयहरु, उप- महानगपालिका अन्तर्गतका नगर - कार्यपालिकाका मातहत निकायहरुमा स्थानिय राजपत्रमा प्रकाशित भएको मिति देखी कार्यान्वयनको लागी पठाउने । साथै प्रमुख प्रशासकीय अधिकृतलाई धनगढी उप- महानगरपालिकाको सार्वजनिक खरिद नियमावली -२०७७ स्वीकृत भै कार्यान्वयनमा आएको जानकारी सार्वजनिक गर्न अख्तियारी प्रदान गर्ने ।

**निर्णय नं. ९**

यस उप- महानगरपालिकाको कार्यालय अन्तर्गत स्थायी सबै सेवाका प्राविधिक कर्मचारीले सम्मानित सर्वोच्च अदालतको आदेश र नेपाल सरकार अर्थ मन्त्रालयको पत्र बमोजिम थप प्राविधिक ग्रेड मिलान गर्न निवेदन गरेकोमा ग्रेड मिलान गरी थप भएको रकम भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गरियो । साथै सो संबन्धमा गरेको निर्णय समर्थन गर्ने ।

**निर्णय नं. १०**

नगरपालिका अन्तर्गत न्यायिक समितिका पदाधिकारीलाई वैठक भत्ता उपलब्ध गराउने यस पूर्व जुनसुकै निर्णय गरिएको भएतापनि सो निर्णय बमोजिम अरु कुरा यथावत नै हुने र वैठक भत्ता उपलब्ध गराउने क्रममा न्यायक समितिका पदाधिकारीहरुलाई मात्र तोकिए बमोजिम वैठक भत्ता र तोकिए बमोजिमको वैठक संख्याको आधारमा भुक्तानी लेख्ने । साथै न्याय सम्पादन गर्न सहयोग पुऱ्याउने बढीमा तीन जना कर्मचारीलाई मात्र उल्लिखित अनुसार सेवा / सुविधा उपलब्ध गराउने । साथै अन्य बैठकमा बैठक संचालन गर्दा सहयोग गर्ने कर्मचारीलाई मात्र पदाधिकारी सदस्यले पाए सरह को सेवा सुविधा दिने ।

**निर्णय नं. ११**

सेवा करारमा रहेका कर्मचारीहरुको हकमा, सेवा करारको म्याद सकिएका कर्मचारीहरुको हकमा म्याद सकिएको मिति देखी लागु हुने गरी पुन : ६ महिनाको लागी म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

धनगढी उप-महानगरपालिका लाई सडक मानव रहित शहर बनाउने कार्यक्रम अन्तर्गत असहाय मानसिक रोगी महिला तथा वालवालिकाहरुको लागि सुरक्षित आवास निर्माण गर्नुपर्ने भएकोले धनगढी उप-महानगरपालिका वडा नं. ४ स्थित निम्न चार किल्ला भित्रको ०-३-० जग्गा दृष्टि फाउण्डेसन नेपाललाई दिन संबन्धित निकायमा अनुरोध गर्ने र उक्त स्थानमा भवन निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिदिन हुन संबन्धित नियकायमा अनुरोध गरि पठाउने निर्णय गरियो ।

निम्न

पूर्व - कैलाली नाला

पश्चिम - सडक / आवादी

उत्तर - तारानगर सामुदायिक वन

दक्षिण - शिवपुरी सामुदायिक वन

**निर्णय नं. १३**

देहाय अनुसारका मानिसहरुलाई औषधी उपचारका लागि राजस्व बाँडफाँड शिर्षकबाट खर्च लेख्ने गरी आर्थिक सहयोग भुक्तानी लेख्ने निर्णय गरियो ।

| क्र.स. | नाम थर | ठेगाना | रकम |
|---|---|---|---|
| १. | लक्ष्मी कुमारी रावत (स्वयमसेविका) | ध.उ.म.न.पा वडा नं. ३ | ७०००।- |
| २. | गुड्डी बन्जारा | ध.उ.म.न.पा वडा नं. १० | ५०००।- |
| ३ | जानुका घिमिरे | ध.उ.म.न.पा वडा नं. १२ | ७०००।- |